THE DEVELOPMENT FORUM Weekly
# विकास चौतारी
वर्ष : ०५ /अंक १३ / २०७३ साल साउन ३१ गते सोमवार/ Aug. 15, 2016/ मुल्य रु १०/- पृष्ठ- ६ साप्ताहिक

# हाँस पालनबाट मासिक १५ देखी २० लाख सम्मको आम्दानी



***रौतहट साउन*** / धेरै पैसा कमाउने तथा रोजगारीको अवसर खोज्दै युवाहरु विदेशी रहेको अवस्थामा रौतहट जिल्लामै एउटा ठुला आम्दीन गर्ने उदहारणको रुपमा आएको छ हास पालन ।

हास पालनको उदाहार को रुपमा रौतहट क्षेत्र नं. ३ अन्तर गत पर्ने पतौरा गाविसको गम्हरीया टोलका हास पालनकर्ता रामअश्रे कुश्वाहा हो ।

कुश्वाहा भन्छ, हास पालनबाट कम्तीमा मासिक लाखौको आम्दानी गर्नु लक्षरहेको छ । हास पालन करिव एक विगहामा खोलिएको फारम अहिले जिल्लामा पहिलो हास पालन फारम रहेको संचालक रामअश्रे कुश्वाहाको दावी रहेको छ । यही असार देखी कुश्वाहाले करिव एक विगहामा संचालन गरेको हास पालनमा करिव ५० लाख पुजी लगानी गरिसकेको हो र यसको प्रतिफल असोज महिना देखी शुरु हुने उनले बताउनु हुन्छ । शुरुमा करिव ४२ साय हासको चल्ला र खीएको हो तिनीहरु अहिले सम्म ५ देखी ६ किलो सम्मको भई सकेको छ अब एक महिना पछि अण्डा दिन शुरु गर्ने संचालनका सहयोगी उमाशंकर पासवानले बताउनु भयो । ४२ सय हासबाट प्रति दिन कम्तीमा ४ हजार अण्डा दिनेछ जस्तको विकी मुल्य कम्ती ५२ हजार हुने संचालान रामअश्रे प्रसाद कुश्वाहा बताउ छन । संचालक कुश्वाहाका अनुसार मासिक करिव १५ देखी २० लाख सम्म आम्दानी हन्छ ।

कुश्वाहा युवाहरुको लागी प्रेरेरणको श्रोत बनेको हो । विदेश भन्दा स्वदेशमै राम्री काम गर्न सक्यो भन्ने लाखै कमाउन सक्ने हास पालन संचालक कुश्वाहा एउटा उदहारण हो ।

## मन्त्री बन्नु भगतको लागी संजिवनी बुटी



***रौतहट साउन*** / नेकपा माओवादीको स्थापना काल देखी संर्धष गर्दै रौतहट क्षेत्र नं. ४ का सांसद सत्यनाराण भगतले मन्त्री बन्नु उनुको जिवनको संजिवनी बुटी सावित भएको छ ।

आज आईतवार पुष्पकमल दहाल प्रचण्ड नेतृत्वको सरकारमा रौतहट क्षेत्र नं. ४ का सभासद सत्यनाराण भगत विन आफनो पार्टी नेकपा माओवादी केन्द्रको तर्फबाट उर्जा राज्य मन्त्रीमा नियूक्त हुनु भएको हो । पार्टीमा लागेर हरेक त्यागी भई सक्दा पनि पहिलो संविधान सभा २०६४ मा रौतहट क्षेत्र नं. ४ मा हार वेहोरदा पनि आशा र विश्वाका साथ पार्टि पति दृढ रहेको सत्यनाराण भगत विन २०७० सालको दोश्रो संविधान सभा चुनावमा रौतहट क्षेत्र नं. ४ बाट विजय भएको थियो ।

रौतहट जिल्ला क्षेत्र नं. ४का जनताले धेरै अपेक्ष राखेका छन, त्यस अपक्षालाई नवनियुक्त उर्जा राज्य मन्त्री सत्यनारायण भगत विनले जनताको चाहना अनुसार को काम गर्न र मधेशीको सवालमा केही सोचने हो की होईन् भन्ने आउदां दिनमा थाहां हुने छ । नवनियुक्त उर्जा राज्य मन्त्री सत्यनाराण भगत विनलाई कार्यकालको सफलताको लागी होम्रा सुभकामना । राज्य मन्त्री भगतको लागी संजिवनी बुटी भएको अवस्थालाई मध्य नजर गर्दै आफुलाई पूर्ण रुपमा स्थापीत गराउन जनताको भावना बुझ्नु पर्ने स्थानिय रामसेवक ठाकुरले बताउनु भएको छ ।

## विकासको लागी मन्त्री, मन्त्रीको लागी मन्त्री होईन :– प्रभु साह



***रौतहट साउन*** / विकासको लागी मन्त्री बन्ने हो मन्त्रीको लागी मन्त्री होईन नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य एवं रौतहट क्षेत्र नं. ३ का सभासद प्रभु साहले बताउनु भएको हो ।

नेता साहले आजु आईतवार आईवार कान्तिपुर डट कम संग संक्षिप्त कुराकानी गर्दै उनुले आफुले चाहेको मन्त्रालय नपाए पछि किन मन्त्रीको लागी मात्र मन्त्री बन्ने बताउनु भएको छ ।

नेकपा माओवादी केन्द्रमा प्रभाव साली नेता मानिएका प्रभु साहलाई रौतहट जिल्लामा विकासको राजा नेताको रुपमा चिन्हीन्छ । नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्डसंग फरक मतका नेता साहलाई माओवादीको हेडक्वाटरबाट मन्त्री बनाउने हलाचलाएको थियो तर आईवार मन्त्री परिषदको विस्तारमा उनको नामलाई हटाई रौतहट क्षेत्र नं. ४का सभासद सत्यनाराण भगत विनलाई उर्जा मन्त्री बनाउनु नेता प्रभु साहले गुटवाद र भ्रुन्डको सरकार भएको आरोप लगाउन भएको छ । कुराकानीमा नेता साहले म मन्त्री बन्ने चर्चा पार्टीमा कसले सुरु गर्‍यो, थाहा भएन । मसागै बरु सल्लाह गरेको भए हुन्थ्यो । अध्यक्षले भेटेर ...तपाईंको अपेक्षा के छ भनी सोध्दा पनि मैले अरु कुरा राखिना । ...तपाईंले फेरि देशको नेतृत्व गर्ने मौका पाउनुभएको छ, यो अप्ठेरो समयमा जोखिम मोल्न लागनुभएकाले म निशर्त सहयोग गर्छु भनें । मनमा शंका भने थियो– अध्यक्ष प्रचण्डले देशको निकास र संविधानको कार्यान्वयनका लागि जोखिम मोल्नुभएको हो कि प्रधानमन्त्री बन्नका लागि चलाखीमात्रै । आजको मन्त्रिपरिषद् बिस्तार हेरेपछि थाहा भयो, यो शुभ लक्षण होइन । त्यसैले म नगएको बताउनु भयो ।

एउटा अर्को प्रश्नमा उनुले, यो देशको चिन्ताभन्दा पनि गुटवाद र भ्रुन्डको व्यवस्थापन गर्ने किसिमबाट गयो । सबैलाई थाहा छ, म प्रचण्डसग निरन्तर फरक मत अनि असहमति राख्दै भए पनि पार्टी पद्तिमा विश्वास गर्दै आएको मानिस हो । तर यहा असहमति राख्नेलाई विश्वास गर्ने परिपाटी बनिसकेको रहेनछ । अनौपचारिक कुराकानीका क्रममा मेरो भूमिका के हुन सक्छ भन्ने बारेमा कुराकानी भएकै थियो । संविधान निर्माणदेखि नै संघीयताको माग सम्बोधन भएन भन्ने मधेसी समुदायको गुनासो छदैछ । म मधेसी समुदायबाट प्रतिनिधित्व गर्ने पार्टीको नेता भएका कारणले पनि मधेसलाई चित्त बुझाउने गरी प्रभावकारी संवाद गर्ने, स्थानीय चुनाव सफल पार्ने वातावरण बनाउने अवस्था बन्ने थियो ।

त्यो जिम्मेवारी नपाउने भएपछि अरु पदमा गएर केवल मन्त्रीका लागि मन्त्री बन्नुभन्दा बरु म समितिमै सभापति छदैछु । यहीबाट पनि योगदान गर्न सक्छु भनेर गइएन उनले बताउनु भयो । नेता साहले, को कुन मन्त्री बन्ने भन्दा पनि निर्णय प्रक्रियामा समग्र देशको चिन्ता झल्कन्छ कि झल्किन्न भन्ने कुरा मुख्य हो ।

केपी ओलीको सरकारमा सामेल हुदा त मन्त्री

बाँकी ०३ पेजमा

BC 2073-04-31.pmd 1 8/17/2016, 11:18 AM

विकास चौतारी प्रकाशनको लागी
प्रकाशक : दिनेश यादव
(९८४५१३४३७९)
सम्पादक: राम अधार यादव
(९८५५०४००८४)
कार्यालय गौर ५, रौतहट
इमेल :
bikashchautari@gmail.com
sydinesh90@gmail.com

## सम्पादकीय .......

# नैतिकताको कमी

नेपाल राष्ट्र एउटा र राष्ट्रियता दुईटा भएको मुलुक हो । पहाडी राष्ट्रियता र मधेशी राष्ट्रियता भए पनि नैतिकताको ठुलो खाचो रहेको छ । पहाडी राष्ट्रियता बोकेका समुदायले नेपालमा २४० सालदेखि एकछत्र रूपमा शासन र प्रशासन चलाउदै आएका छन् । नेपालको न्यायपालिका, कार्यपालिका, व्यवस्थापिका र पत्रकारिता तथा नागरिक समाजलगायतका क्षेत्रमा एकछत्र रूपले पहाच र पकड कायम राख्दै आएको छन तर देशको विकास र देशको माया गर्ने नैतिक वाण व्यक्ति अहिले सम्म भेटाउन सकेका छैन् । आफुलाई राजनेता भनाउनेहरु भनाईमा मात्र सिमीत रहेको छ, न्यायपालिकाको अवस्था पनि त्यस्तै रहेको देखिन्छ । यो देशलाई नैतिकवाणी राजनेताको अति आवश्यक देखिएको छ । कर्मचारीहरु माथि विश्वास गरि खिलराज रेग्मीलाई मन्त्री परिषदको अध्यक्ष बनाईयो तर त्यहां पनि नैतिकताको कमी महसुस गरिएको अवस्थामा । मधेशी नेतामाथी विश्वास पहिला देखी नै नगरको अवस्थामा पछिला आन्दोलनहरुमा मधेशी जनताले विश्वास गरे तर फेरी पनि नैतिकताको कमी महसुस गरिएको अवस्थामा मधेशी जनतामा समेत नैतिकताको आवश्यक्त देखीएको छ । मधेश र देशलाई विकास र अधिकार सम्पन्न बनाई नैतिक वाण जनता र राजनेता हुनु पर्ने आवश्यक्ता रहेको नेपलीमा नैतिकताको ठुलो खाचो वा कमी रहेको कारणले देशको विकास हुन नसकेको छ । सबै नैतिक वाण भए मात्र देशको विकास हुन्छ ।

# मधेशमा बाढीको त्रास र पूर्वतयारी

***रामसुकुल मण्डल***

वर्सेनी मधेशीहरू बाढीबाट विस्थापित हुादै आएका छन् । यो प्राकृतिक प्रकोपबाट जनतालाई सुरक्षित पार्नुपर्ने काम सरकारको हो । मधेशीहरूलाई यो देशको नागरिक नबुझ्ने मनसायले गर्दा यस्तो भइआएको छ । नभए वर्सेनी आउने बाढीको विपद्बारे सरकारको सुनियोजित खाका हुनुपर्ने थियो । मधेशीहरू विस्थापित मात्रै होइन मधेशका खेतीबारी पनि डुबानमा पर्ने गरेको छ । यसबाट अन्न उत्पादनमा ह्रास आउनुको साथै पानीको उचित प्रबन्धन नहुादा पानीको अभाव भइआएको छ । बाढीको पीडालाई कम गर्न सरकारको त्यो योजनाले पीडितलाई राहत दिन सक्थ्यो । तर त्यस्तो देखिएको छैन । आफूलाई जनताको सरकार भन्नेहरूले पनि यसबारे केही गरेको देखिएन । मधेशका विभिन्न जिल्लामा मनसूनको सुरूवातमै सयौं घरपरिवारलाई विस्थापित गरिसकेको छ । यसले कतिपयमा त्रास उत्पन्न गराइसकेको छ । मनसूनको झरी अझ आउन बााकी नै छ । अझ कतिपय घर परिवार विस्थापित हुने आशंका बढाइदिएको छ । बाढी प्राकृतिक प्रकोप भएपनि यसको उचित व्यवस्थापनले यो सिाचाइको राम्रो उपाय हुन सक्छ । तर यो उपाय हुनुको साटो जनताका लागि अभिशाप बन्दै गएको छ । मनसुनको सुरूमा भएको बाढी विस्थापनको समस्याबाट पीडित भएकाहरूलाई तत्काल राहत दिएर उनीहरूलाइ देशको अनुभूति गराउनुपर्ने छ । तर, राहत मात्रै बााडेर यो समस्याको उचित समाधान हुादैन । यसका लागि ठोस दीर्घकालीन योजना सरकारले ल्याउनुपर्छ । जसबाट बाढीबाट धनजनको कमभन्दा कम क्षति हुन्छ । जनताको खेतबारी बढी सुरक्षित हुन सक्छ । यसले देशको उत्पादनमा ठोस योगदान दिन्छ । बाढी पीडितलाई बेवास्ता गरिए उनीहरूमा देशप्रति वितृष्णा पैदा गराउाछ । त्यसैले यस्ता आक्रोशलाई समयमै सम्बोधन गर्नु सबैका लागि हितकारी हुन्छ ।

पुनर्निर्माण भनेको बिग्रेको, भत्केको वा सुधार गर्नुपर्ने कार्यलाई सामान्य अर्थमा बुझ्ने गरिन्छ । नेपालमा वर्सेनी प्राकृतिक प्रकोपका कारण अर्बौंको सम्पत्ति नष्ट हुने गरेको तथ्यांक छ भने कैयौं सर्वसाधारणले समेत ज्यान गुमाउनु परेको समाचारहरू आइरहन्छ । मधेशमा वर्सेनी बाढी, पहिरो, भू(क्षय, आगलागी र खडेरीलगायतका प्राकृतिक विपद्हरू परेको कुरा विदितै छ । जसका कारण लाखौं नेपालीहरू घरवारविहीन भइरहेका छन् । प्राकृतिक प्रकोपको मार सहन मधेशीहरूका लागि बाध्यात्मक र नियमित प्रक्रियाझैं बन्दै गएको छ ।

मधेशमा आगलागी, बाढी, पहिरो र खडेरी पर्दा राज्यले त्यसको उचित व्यवस्थापन गरेको पाइादैन । यस्ता प्राकृतिक प्रकोपहरूलाई नियन्त्रण त गर्न सकिदैन तर, त्यसबाट कमसे कम क्षति हुने उपायहरू अवश्य अपनाउन सकिन्छ । राज्यको तर्फबाट त्यस्ता प्राकृतिक प्रकोपहरूबाट जोगाउन वा सचेत गराउन सचेतना कार्यक्रम ल्याउनुपर्दथ्यो । तर, राज्यले मधेशबाट मत र करका लागि मात्र मधेशलाई नेपालको हिस्साको रूपमा हेर्ने गरेको प्रवृत्ति आज पनि कायम नै छ ।

२०६५ भाद्र २ गते सुनसरीको पश्चिम कुश्हा ४ मा कोसीको पूर्वी तटबन्ध भत्केपछि नदीले आफ्नो धार परिवर्तन गरेको थियो । सप्तकोसीले महाविनाश बचाउादै मानव बस्ती, भौतिक संरचना र उर्वरभूमिलाई रूपान्तरण गरेको आज आठ वर्ष भइसक्दा पनि त्यो अझै अपेक्षित पुनर्निर्माण र पुनर्स्थापना हुन सकेको छैन । कोसीको प्रकोपबाट पश्चिम कुशाहा, हरिपुर, श्रीपुर र लौकही गाविसका ७ हजार पााच सय ६३ घर पूरै डुबानमा परेको थियो । कोसी नदीको ताण्डव नेपालमा मात्र सीमित थिएन । भारत बिहार राज्यको डेढ दर्जन ठूला बस्ती पुरै डुबानमा पर्दा झण्डै ५० लाख मानिस प्रभावित हुन पुगेका थिए । यसैगरी, तराई(मधेशमा वर्सेनी आगलागीबाट करोडौंको क्षति हुने गरेको तथ्यांक राज्यसाग छ ।

गत वर्षको सुरूवातमै नेपालमा गएको विनाशकारी महाभूकम्पले तराई(मधेशभन्दा पहाडी क्षेत्रमा बढी क्षति गर्‍यो । त्यसका लागि सकारले योजना र कार्यक्रमहरू ल्याएको छ । सरकारको त्यो कार्य अत्यन्तै सराहनीय नै मान्नुपर्छ । जसरी राज्यले भूकम्पपीडितहरूका लागि राहत वितरण र योजनाहरू निर्माण गर्‍यो त्यस्तै, अपनत्व महसुस हुने गरी मधेशका बाढीपीडित, अग्निपीडित लगायतका प्राकृतिक प्रकोपमा परेका मधेशीहरू लागि कुनै चासो नदिएको अनुभव भइरहेको छ ।

पहाडमा जसरी विपद् पर्दा राज्यले अग्रसरता देखाउाछ त्यसरी नै मधेशीको विपदमा आफ्नो भूमिका देखाउनुपर्छ । एकातर्फ मधेशीहरू वर्सेनी प्राकृतिक प्रकोपहरूबाट पीडित बनिरहेका छन् भने अर्कोतिर राज्यको बेवास्ताका कारण मधेशीहरू राज्यबाट टाढिदैछन् । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले गत वर्षको भूकम्पपछि ध्वस्त निजी तथा सार्वजनिक भौतिक संरचना पुनर्निर्माणका लागि ८ खर्ब ३८ अर्बको पञ्चवर्षीय योजना सार्वजनिक गरेको छ । पुनर्निर्माण प्राधिकरणले तयार पारेको भूकम्पपछिको पुनर्निर्माण तथा पुनर्स्थापना पञ्चवर्षीय योजना प्राधिकरणका अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले संसद् बैठकमा प्रस्तुत गरेका थिए ।

प्रधानमन्त्री ओलीले संसदमा प्रस्तुत गरेको यस योजनामा निजी आवाससहितको सामाजिक क्षेत्रमा सवैभन्दा बढी ६ खर्ब ४५ अर्ब बजेट आवश्यक पर्ने जनाइएको छ । त्यसैगरी पुनर्निर्माणका लागि उत्पादक क्षेत्रमा १ खर्ब ६ अर्ब, पूर्वाधार क्षेत्रमा ६१ अर्ब र अन्तर सम्बन्धित क्षेत्रमा २६ अर्ब बराबरको बजेट आवश्यक पर्ने प्रस्तुत योजनामा उल्लेख गरिएको छ । भूकम्पपीडितहरूका लागि सरकारले राष्ट्रिय पुनर्निर्माण प्राधिकरण गठन गरेको र त्यसका लागि समयसीमासहित योजना सार्वजनिक गरेको छ । त्यसरी नै मधेशमा वर्सेनी हुने प्राकृतिक विपदबाट जोगाउन र उचित व्यवहार चाहन्छन् मधेशीहरू ।

मधेशीहरू पनि यही देशका नागरिक हुन भन्ने भावनाको विकास राज्यसत्तामा बस्नेहरूले गर्नुपर्छ । मधेशका जनता करदाता र मतदाता मात्र होइन । राज्यको कूल करको लगभग ७५ प्रतिशत मधेशले तिर्छ तर, मधेशमा बजेट पठाउादा त्यसको उल्टो हुने गरेको छ । राज्यको यस्तो व्यवहारले गर्दा मधेशी जनता राज्यप्रतिको अपनत्व महसुस गर्न सक्दैनन् । (**मधेश दर्पण फिचर सेवा**)

**शिक्षा देशलाई समृद्धि र विकाश गर्दछ,**
**शिक्षा प्रति सबैले सकारात्मक सोच राख्नु पर्दछ ।**

# कृषी क्षेत्रको विकासको लागी सवैले पोजेटीव सोच दिनु पऱ्यो : प्रमुख यादव

**देश कृषी प्रधान रहेको तर कृषी क्षेत्रको विकास हुन नसकेको अवस्थामा जिल्ला कृषी कार्यालय रौतहटको भुमिका विषयक अन्तरवार्ता आजु हामी जिल्ला कृषी कार्यालय रौतहटका प्रमुख राजनारायण यादव संग विकाश चौतारीको लागी गरीएको प्रस्तुत छ संक्षिप्त कुराकानी :**

***राजनारायण सर, जिल्ला कृषी कार्यालाय रौतहटबाट कृषकहरुले के के सुविधा पाउा छ वा पाउादै आएको छ ?***

जिल्ला अन्तरगर्त धेरै सुविधाहरु मध्ये बढी फोक्स भएको कार्यक्रम मध्ये दूई वर्ष देखि आई रहेको युवा स्वरोजगार १८ वर्ष देखी ५० वर्ष ननाघेवा व्यक्तिहरुले र विशेष विदेश जाने व्यक्तिहरुलाई एक विगहमा दुई सिजनमा तरकारी खेती गऱ्यो भन्ने ६० हजार गत साल बाट पाएको थियो र यस वर्ष मधेश आन्दोलनका कारण एक सिजनमा भए पनि १२० जनालाई ३० हजारको दरलेले प्रदान गरियो अर्को समुह सहकायरी संस्थाहरुको माध्यमबाट साना सिचाईको निवेदन संकलन गर्छु र त्यसमा मोटर, पम्पी सेट, पक्की कुल्लो लगायतका उपलव्ध गराउदै आएका छौ । त्यस्तै व्यवसायी बगैचा अन्तरगर्त १५ कठा माथीको खेती गर्ने कृषकलाई विशेष गरि आपा र लिच्ची आधि मूल्यमा विरुवा उपलव्ध गराउछौ यो विशेषत जेष्ठ महिनाको अन्तीम र असाढको सुरुमा संचालन गछौं । कृषी वाली अन्तरगर्त पर्ने धान, गहु, मसुरो, तोरी आदीमा उत्पादन समाग्रीहरु सहयोग गरिन्छ ।

राष्ट्रपति चुरे संरक्षण कार्यात्रिममा पनि तरकारी, खेतीमा समेत अनुदान दिदै आएका छौ । मेजमीसन कार्यक्रम अन्तरगत मकै खेती गर्ने कृषकहरुलाई तोकीएको विउ, समाग्रीहरुमा समेत सहयोग गर्दै आएका छौ । समग्रमा कृषी जुन जुन सिजन आउछ त्यसमा सहयोग गदछु, विशेष गरि कृषी कार्यालय तिन सिजनमा काम गर्दै आएको छ, हिउदे, वर्षे र बसन्ते सिजनमा पर्ने बालीहरु उत्पाद बढाउन परिणाम मुखी बनाउन कृषकहरुलाई तालीम, गोष्ठी, भ्रमण लगायतका कार्यक्रमहरुमा संलग्न गराछौ भन्ने तिनिहरुलाई चाहिएको प्रवृद्धी हामी



उपलव्ध गराउदै आएका छौ। २० जनालाई च्याउ उत्पादमा लगाएका छौ जुन चन्द्रपुर नगरपालीका अन्तरगतका गाउाहरु रहेका छन् ।

***कृषी कार्यालयको कृषीमा धेरै लगानी भएको छ तर त्यसको परिणाम संतोषजन छ की छैन ?***

कृषी उत्पादनको दृष्टी कोणले धेरै निकायहरुले संगै मिलेर काम गरेको अवस्था रहेको छ जसमा हामीके सिप, प्रवृद्धि दिनछौ भन्ने कृषी बैाकले किसानहरुले चाहिएको वेलामा रिण उपलव्ध गराउनु सक्नु पऱ्यो, सिचाईले समयमै सिचाई दिनु पऱ्यो, बजारले समयमे कृषी उत्पादनका समाग्रहरु उपलव्ध गराउनु पऱ्यो, समाग्रीले समयमा मल, खाद उपलव्ध गराउनु पऱ्यो। किसानलाई चाहिले सेवा सुविधाहरु धेरै सेक्टरवाट पाउानु पर्ने भएकोले रौतहटमा त्यस्तो अवस्थान नदेखीएको उदाहारणको लागी बागमती सिचाईलाई हेर्नुस अहिले मर्मतको काम भई रहेको तितो सत्यहो, धान रोपाई सकेपछि पानी दिदाा के हुन्छ । भनाईको अर्थ हामी मंसुनमा भरपरेका छौ, मंसुन हाम्रो हातमा छौन । एउछा सिचाईले धेरै असर गर्ने भएकोले निश्चिय पनि हो जुन लक्ष्य हो त्यो प्राप्त हुन नसकेको अवस्था हो। किसानको चाहना अनुसार हामी पकै काम गर्न सकेका छैनौ ।

***यसमा सवै दोषी हो ?***

दोषी भनेको कसैलाई भदैनौ म, मेरो विचारमा कृषी कार्यक्रमको लागी क्षेत्रको विकासको लागी सवैले पोजेटीव सोच दिनु पऱ्यो ।

***मल खाद र विउ विजनको अवस्था अहिले कस्तो रहेको छ ?***

समग्रमा हेर्दा दूई वर्ष पहिला भन्दा अहिल एक दमै राम्रो अवस्था हो, सक भर हामीले मल खाद तथा विउ विजन किसानले चाहेको जती, चाहेको समयमा उपलव्ध गरार्न सकेका छौ ।

***हाते टूक्टर आएको थियो रे कति आएको थियो र त्यो कहाा कहाा वितरण गरियो ?***

हाम्रो टारजेट १५ ओटाको थियो तर डिमान्ड नआएर हामी नौ ओटा मात्र वितरण गरियो, दुई ओटा धान रोपने मेसिन पनि थियो जस मध्ये एउटा मात्र किसान लगेको छ। हाते टूक्टर हामी ८५ हजार र किसानको १ लाख १० हजार हलेर नौ ओटा वितरण गरियो। असार मसान्त समाप्त भएको अवस्थामा हामीले किसानको डिमान्ड अनुसार असोजमा फेरी वितरण गर्ने छौ । त्यसको पुर्व सुचान हामी प्रकाशित समेत गर्छौं। हामीले किसानको डिमान्ड अनुसारको कार्यक्रमहरु ल्याउने गरेको छौ, आउदा दिनहरुमा समेत गर्नेछौ ।

***यादव सर, सम्रगमा हेर्दा कृषीको अस्वथा रौतहटमा राम्रै छ तर किसानहरुले आफु किसान हो या किसानको छोरा हो भन्न लाज मान्छ किन् ?***

यो प्रश्न म आफै गर्छु, रौतहटको उतरी भेग चन्द्रपुरमा हेर्नु चार कठा भएकोले त्यही जग्गा दुई वाली उत्पादन गछ जसमा ४–५ मनको कठा पाउाछ भने त्यसबाट ४–५ जनाको गुजारा एकदमै राम्री गर्छ भने दक्षनी भेगमा हेनुस १ विगहवाला लाई पनि समस्या हुन्छ उत्पादन घटदो छ । उता सिचाईको पनि राम्रो व्यवस्था छ र उनिहरु मेहन बढी गर्छ तर यता सिचाईको पनि व्यस्था छैन मेहनत पनि कम गर्छ। हुनत पहिला भन्दा अहिलेको अवस्था धेरै सुद्धि सकेको हो अवत किसानले किसान भन्न लाज मान्ने प्रवृती हटदै गएको हो ।

***अन्तमा यो पत्रिका मार्फत रौतहटका किसानहरुलाई के भन्न चाहुन हुन्छ ?***

म किसानहरुलाई एउटै कुरा भन्न चाहेको छु कि तपाईलाई कृषी सम्बन्धी जे जेती समस्याहरु छन त्यसलाई सिद्धै मेरो अगाडी या कार्यालयमा आउनु हामी कुनै समुह वा सहकायरी मार्फत मात्र काम गरेको छैनौ, हामी व्यक्तिहरु संग पनि काम गर्ने गर्छ त्यसैले कुनै दलालको माध्य नबनाई आफै आनुस काम गराएर जानुस । धन्यावाद ।

## ६५ हजार.............

पुरानो कम्पनीमा बढी समस्या छ । ५३ उद्योगका गरी करिब ६५ लाख सिलिन्डर छन्। तर समयमै हाइड्रोलिडरहाइड्रो स्टाटिक टेस्टलगायत परीक्षण नहुँदा जोखिम बढदै गएको छ । हाइड्रोलिडरहाइड्रो स्टाटिक परीक्षण हावा र पानीको प्रेसरबाट गरिन्छ। रिफिल भएको सिलिन्डर पानीमा डुबाइन्छ । त्यसलाई डिप टेस्ट पनि भनिन्छ । डिप टेस्ट गर्दा लिकेज भएको अवस्थामा बबल्स हुन्छ । महासंघका महासचिव चन्द्र थापाले बजारमा कम गुणस्तरका सिलिन्डर छ्यापछ्याप्ती रहेको बताए । 'कतिपय कम्पनीबाट ग्यास भरेर आएको सिलिन्डरसमेत कुच्चिएका छन्,' उनले भने, 'यी सिलिन्डरबाट दुर्घटनाको सम्भावना अधिक हुन्छ । कम गुणस्तरका सिलिन्डर अभियानकै रूपमा नष्ट हुनुपर्छ ।'नियमअनुसार ग्यास सिलिन्डर बनेको १० वर्षपछि पहिलोपटक हाइड्रोलिक टेस्ट गर्नुपर्छ। त्यसपछि प्रत्येक पाँचरपाँच वर्षमा टेस्ट गर्नुपर्छ। तर अधिकांश कम्पनीले परीक्षणबिनै सिलिन्डर पठाउने गरेका छन् । यसअघि आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले गरेको अनुगमनमा पनि केही कम्पनीले देखावटीरूपमा मात्रै टेस्ट मेसिन राख्ने गरेको फेला परेको थियो । उद्योगमा परीक्षण मेसिन भए पनि कुनै बिग्रेको समेत भेटिएका थिए। आयल निगमको तथ्यांकले पनि ४७ वर्ष अवधिमा जम्मा २३ हजार ३ सय १९ वटा मात्रै सिलिन्डर नष्ट भएको देखाउँछ । कुच्चिएको सिलिन्डर पडकने सम्भावना झन् बढी हुने सरोकारवाला बताउँछन्। 'गाडीबाट झार्दा अधिकांश ग्यास सिलिन्डर कुच्चिन्छन्, केही पुराना सिलिन्डर खुइलिए पनि फेरि रंग लगाएर बजारमा पठाइन्छ,' ग्यास बिक्रेता संघ काठमाडौंका महासचिव राजेश दाहालले भने । १९९० मा बनेका सिलिन्डर पनि परीक्षणबिना बजार मा उपलब्ध रहेको उनले बताए ।

एलपी ग्यास उद्योग संघका महासचिव दिवान चन्दले गुणस्तरमा सबै कम्पनी सचेत रहेको बताए । 'सिलिन्डरको आयु पहिचान भएको छैन, गाडीबाट झार्दा केही कुच्चिन सक्छन्,' उनले भने, 'तर, गुणस्तर मा सबै कम्पनी सचेत छन् ।'

कुच्चिएको सिलिन्डर हाइड्रोलिक टेस्ट गरी पुनरुपयोग गर्न सकिने उनले बताए। यस्तै भल्बमा कुनै सम्झौता हुन नसक्ने दाबी उनले गरे । '*कान्तिपुर डट कमबाट*

## विकासको ............

**बन्नेबारे नसोचेको मैले अहिले उत्साहित हुनुका पछाडि यो राजनीतिक समस्या समाधान गर्नमा सार्थक भूमिकाको खोजी मुख्य थियो, त्यो परिस्थिति नबनेपछि फोटो झुण्ड्याउन मात्रै किन मन्त्री बन्ने ? नेता साहले प्रश्न गर्नु भयो । नेता साहले अव क्याबिनेटमा जान्ना, देशभन्दा गुट प्राथमिक बन्ने अवस्थामा मैले गम्भीरतापूर्वक समीक्षा गर्नैपर्छ, बताउनु भयो ।**

# संशोधित शिक्षा ऐनका चुनौती

*काठमाडौं साउन ।* शिक्षा ऐन आठौं संशोधनलाई राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण गरेसगै विद्यालय शिक्षामा संरचनागत परिवर्तनको ढोका खुलेको छ । अब कक्षा आठसम्म आधार भूत शिक्षा र कक्षा १२ सम्म माध्यमिक शिक्षा लागू हुनेछ । उच्च माध्यमिक तह र परिषद् विघटनसगै उच्च माविका नाउामा भएका अन्योलको पनि अन्त्य हुनेछ ।

शिक्षालाई सेवामूलक बनाउन संस्थागत विद्यालय गुठी अन्तर्गत खोल्ने व्यवस्था ऐनमा छ । विद्यालय शिक्षाको गुणस्तर मापनको आधार मानिदै आएको एसएलसी परीक्षाको अब स्वतः अन्त्य हुनेछ । प्रजातन्त्र पुनः प्राप्तिपछि प्रविणता प्रमाणपत्र तहलाई उच्च माविले विस्थापित गऱ्यो भने अब उच्च माविलाई विद्यालय तहले विस्थापित गर्दैछ ।

विगतमा पनि शैक्षिक विकासका नाउामा शिक्षा नीति, नियम पटक पटक निर्माण तथा परिमार्जन नभएका होइनन् तर कार्यान्वयन तहमा हुने ढिलासुस्ती, उदासिनता, विवाद अनि फितलोपन तथा लाभ र जस लिन खोज्ने प्रवृत्तिले विद्यालय शिक्षामा शैक्षिक गुणस्तर सुधार हुनसकेन । राजनीतिक अस्थिरता र पटक पटक सरकार परिवर्तन भइरहनाका कारण शैक्षिक नीति नियम कार्यान्वयनमा ठूलो समस्या देखिने गरेको छ । शिक्षकका पेसागत जिम्मेवारी, शिक्षण पद्धति तथा विद्यालयका भौतिक पूर्वाधारमा सुधार हुन नसकेका कारण सरकारी विद्यालयमा अध्ययन गर्ने विद्यार्थी संख्या घट्दै गइरहेको छ र विद्यार्थीका अभावमा कैयौ विद्यालय गाभिन वा बन्द हुन पुगेका छन् । शिक्षामा निजीकरण लागू भएसगै सर कारी लगानीमा सञ्चालित विद्यालयप्रतिको उदासिनता यसरी बढ्न पुग्यो कि आम नागरिक सरकारी विद्यालयभन्दा निजी विद्यालयको शैक्षिक गुणस्तरप्रति आकर्षित हुन थाले । चरम राजनीतीकरण र शिक्षकहरूको गैर जिम्मेवारीपनका कार ण यो शिक्षा साक्षरता शिक्षामा मात्र सीमित हुन पुग्यो । प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाले अक्षरसम्म चिन्न नसकेका तथ्य उजागर भइरहेका छन् । प्रधानाध्यापक तथा शिक्षकहरू नै आफूले अध्यापन गर्ने विद्यालयमा शैक्षिक गुणस्तर प्रति विश्वास गुमाउादै आ ना सन्तान निजी विद्यालयमा पढाइरहेका छन् ।

शैक्षिक गुणस्तर सुधारका लागि सर्वप्रथम विद्यालयको भौतिक संरचनामा व्यापक सुधार गरी शिक्षक छनोट प्रक्रिया, तालिम तथा निरीक्षण पद्धतिमा व्यापक सुधार गर्नु जरुरी छ । प्रत्येक विद्यालयमा प्रधानाध्यापक र शिक्षकहरूलाई राजनीतिक क्रियाकलापबाट मुक्त राख्ने र पेसाप्रति जिम्मेवार बनाउनु पहिलो आवश्यकता हो । विद्यालय शिक्षा नै समग्र शैक्षिक विकासको जग भएकाले शैक्षिक गुणस्तर वृद्धिका लागि दैनिक सात-आठ घण्टा विद्यालयमा पठन पाठन हुनुपर्ने, २२० दिनभन्दा बढी अनिवार्य विद्यालय खुल्नुपर्ने, प्रतिस्पर्धाका आधारमा मात्र शिक्षक नियुक्ति गर्नु पर्ने, योग्य दक्ष विषय शिक्षकको अनिवार्य व्यवस्था गर्नुपर्ने, अस्थायी, राहत, करार लगायत विभिन्न नाउामा राजनीतिक दबाब र भनसुनका भरमा जो जस्ता व्यक्ति पनि शिक्षक हुने व्यवस्था तत्काल खारेज गर्नुपर्ने, प्रधानाध्यापक र शिक्षकहरू नियमित विद्यालय उपस्थित हुनुपर्ने, अध्यापनमा जुट्नुपर्ने र निरन्तर मूल्याङ्कन पद्धति लागू गरी सुधारात्मक शिक्षा प्रदान गर्नुपर्ने व्यवस्था आवश्यक छ ।

आर्थिक तथा प्रशासनिक मामलामा निजी विद्यालयको मनोमानी र विकृति कम छैनन् तर शैक्षिक गुणस्तरका दृष्टिमा सरकारी विद्यालयले निजी विद्यालयबाट लिनसक्ने पाठ धेरै छन् । प्रधानाध्यापकको व्यापक निगरानी र शिक्षकको लगनशीलता तथा जिम्मेवारी अनि विद्यार्थीको मिहिनेतले उत्कृष्ट अङ्कका साथ शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सकिन्छ भन्ने पाठ निजी विद्यालयले सिकाएको छ । आज बहुसंख्यक नेपाली विद्यार्थी प्राविधिक शिक्षा अध्ययन गर्ने र ठूलो संख्यामा विदेशमा गएर उच्च शिक्षा पढ्न सक्ने बनाएको निजी विद्यालयले नै हो । यो शिक्षा नहुादो हो त आज सीप र दक्षता विनाका शैक्षिक प्रमाणपत्र बोकेका बेरोजगार युवाको लाखौ जमात देशमा हुन्थ्यो ।

हाल सरकारले कुल बजेटको साढे एघार प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन गरेको छ । वार्षिक एक खर्ब रुपियाा निजी क्षेत्रबाट शिक्षामा खर्च भइरहेको छ भने विदेश अध्ययन गर्न जानेले पनि वार्षिक उत्तिकै हाराहारीमा रकम खर्च गरिरहेका छन् । राष्ट्रिय ढुकुटीबाट खर्च हुने वार्षिक कम्तीमा तीन खर्ब रुपियाा केवल साक्षरता शिक्षामै सीमित रहेको छ । हाल प्रति विद्यार्थी १२ हजार ३१४ रुपियाा सरकारी कोष बाट खर्च हुने गरेको छ तर पनि सामुदायिक विद्यालयमा पााच वर्ष अघिको तुलनामा झण्डै आठ लाख विद्यार्थी कम भइसकेका छन् ।

अब माध्यमिक शिक्षालाई उच्च शिक्षाको आधारको रुपमा विकसित गर्न शैक्षिक गुणस्तर व्यापक वृद्धि गर्ने रणनीति सर कारले अख्तियार गर्नु जरुरी छ । प्रत्येक तह अनुरूपको सीप र क्षमता हासिल गर्ने शिक्षा दिइनुपर्छ । स्नातक तह अध्ययनका लागि प्रस्थान बिन्दुका रुपमा माध्यमिक तहको शिक्षालाई परिमार्जन गर्नु जरुरी छ ।

राज्यले शिक्षामा गर्ने न्यून आर्थिक लगानीको दृष्टिकोणले सबै बालबालिकालाई सरकार ले मात्र शिक्षा पुऱ्याउन नसक्ने अवस्था छ । राष्ट्र विकास र समाज परिवर्तनका लागि सक्षम जनशक्ति उत्पादन गर्न किन असक्षम बनिरहेको छ सार्वजनिक शिक्षा ? सरकार शिक्षकलाई राजनीति गर्न नदिएर शिक्षामा कायापलट हुने ठानिरहेको छ । १२ कक्षासम्मको माध्यमिक शिक्षा क्रमशः निःशुल्क र गुणस्तरीय बनाउने सरकारी घोषणा हालकै लोसे शैली अनि शिक्षक व्यवस्थापन र भौतिक संरचनाले पूरा होला र ? सोच्नुपर्ने पहिलो विषय यही हो । १२ कक्षासम्म माध्यमिक शिक्षा हुने भएपछि रोजगारमूलक तथा सीपप्रधान शिक्षा दिने गरी पाठ्यक्रममा परिवर्तन तथा सुधार आवश्यक छ । उच्च माध्यमिक तहमा विभिन्न संकायमा अध्ययन गरिने अनगिन्ती विषयको व्यवस्थापन आइन्दा विद्यालयहरूले कसरी गर्ने भन्ने प्रश्न महत्त्वपूर्ण छ । विशेषतः प्राविधिक विषय अध्ययनका लागि चाहिने प्रयोगशाला, परीक्षण प्रविधि र पुस्तकालयको उपयुक्त व्यवस्था सरकारको पर्याप्त लगानी, पूर्व तयारी र निगरानी विना सम्भव हुादैन । सार्वजनिक विद्यालयको उही गुणस्तरहीन शिक्षा आर्जन गर्ने मध्यम क्षमताका विद्यार्थी सार्वजनिक प्रशासनतर्फ जाने र त्यस्ता शैक्षिक पदाधिकारीबाट भविष्यमा बन्ने शिक्षा नीति र प्रणाली कस्तो होला ? यो विचार गर्दै शिक्षा गुणस्तरीय बनाउने हरउपाय अपनाउनुपर्छ ।

नेपालका शिक्षा नीति र शिक्षा प्रणालीका निर्माता राष्ट्रिय परिवेश र आवश्यकताभन्दा बाह्य दबाब र लहडमा नीति नियम बनाउाछन् भन्ने आम बुझाइ छ । हुन पनि सार्वजनिक शिक्षाका लागि बनाइने शिक्षा नीति नियम तिनले आ नै सन्ततीका लागि उपयुक्त ठान्दैनन् । उनीहरूलाई नै यो

*बाँकी ०४ पेजमा*

## आाखाको डार्क सर्कल हटाउने घरेलु उपाय

(सरिता गौतम, ब्युटिसियन

आाखाले मनको भाषा बोल्छ । त्यसैले भन्ने गरिन्छ, बुझ्नेलाई इसारा काफी छ । आाखाको सुन्दरतालाई अबर्णनीय र सौन्दर्यको प्रतिकका रुपमा लिइन्छ । नारी सौन्दर्यका लागि आाखा त झन् प्रमुख नै मानिन्छ । जब यही आाखा वरपर कालो धब्बा (डार्क सर्कल) बस्छ, त्यसले अन्य सुन्दरतालाई पनि छायामा पार्छ । शरीर जतिसुकै कसिलो भएपनि आाखा सुन्दर नहुादा सुन्दरता अर्थपूर्ण मानिदैन । यदि तपाईको आाखामा डार्क सर्कल छ भने यी घरेलु उपाय अपनाउन सक्नुहुन्छ ।

१) चियापत्तिलाई केहीबेर सफा पानीमा उमाल्ने । सेलाएपछि चियापत्तीको छोक्रालाई बोतलमा हालेर फ्रिजमा राख्ने । यसलाई कपासमा राखेर १५ मिनेट डार्क सर्कल भएको ठाउमा राख्ने ।

२) आलुको रसलाई डार्क सर्कल भएको भागमा लगाउने । १५ मिनेट पछि मुख धुने ।

३) चिसो दूध कपासमा भिजाएर आइ प्याकको रुपमा आाखामाथि राख्ने ।

४) बदामको तेल र भिटामीन इ क्याप्सुल



फिटेर डार्क सर्कल भएको ठाउामा मालिस गर्ने । ५) मह र कागतीको रसको लेप लगाउने । १५ मिनेटपछि मुख धुने । यी कुनैपनि एक घरेलु विधि हरेक दिन प्रयोग गर्दा डार्क सर्कल हटाउन मद्दत मिल्नेछ ।

६) हरियो काक्रो गोलोगरी काटेर आाखामाथी राख्ने ।

डार्क सर्कल आउने कारण

मानसिक तनाव, कलेजो वा पाचन प्रणालीमा समस्या, निद्रा नपुग्नु, अस्वस्थ खानपान र रक्सी-चुरोटको सेवन, महिनावारी नियमित नहुनु, कब्जियत, पोषणको कमी आदि डार्क सर्कल आउन सक्छ । यी घरेलु बिधि अपनाउादा पनि डार्क सर्कल कम नभए डाक्टरको सल्लाह लिनुहोला । कतिपय अवस्थामा विभिन्न रोगका कारण पनि डार्क सर्कल आउन सक्छ । *(स्वास्थ्यखबर डट कम बाट)*

## हर्टअट्याक हुादैछ भन्ने यसरी थाहा हुन्छ

*(डा. ओम मूर्ती अनिल*

हर्टअट्याक (हृदयाघात) अकस्मात हुने मुटुको रोग हो । त्यसैले हर्टअट्याक हुने लक्ष्यणहरु पनि अचानक सुरु हुन्छ । छातीको बिच भागमा वा बायाातिर दुख्ने वा पोलेको जस्तो अनुभव हुने, छातीमा दबाव भएको महसुस हुने, छाती हल्का दुखी राख्ने । यी लक्ष्यणसहित पसिना आउने, वाकवाकी लाग्ने, वान्ता हुने, डर लाग्ने, छटपटी हुने, मुटु छिटोछिटो ढुकढुक गर्ने, रिंगटा लाग्ने भएमा हर्टअट्याकको सम्भावना अधिक हुन्छ । यस्ता लक्ष्यण देखीएमा तुरुन्तै अस्पताल जानुपर्छ । तल उल्लेखित कुनैपनि कारण तपाईसंग मिल्दोजुल्दो छ भने तपाई हर्टअट्याकको जोखिममा हुनुहुन्छ ।

हर्टअट्याकका १० कारण

धुम्रपान वा सुर्ति सेवन

उच्च कोलेस्टेरोल



मधुमेह

उच्च रक्तचाप

अत्याधिक मदिरा सेवन

शारीरिक गतिबिधिमा कमी

मोटोपना

वंशाणुगत

मानसिक तनाव

बढी नुनीलो, चिल्लो र गुलियो खानु ।

*(स्वास्थ्यखबर डट कम बाट)*

# संविधानको विषय पहिला टुंगो लगाऊ : यादव

*जलेश्वर, साउन ।* संघीय समाजवादी फोरम नेपालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले संविधानको विषयको टुङ्गो नलगाई राज्य पुनर्संरचना आयोगको काम अगाडी नबढाउन सरकारलाई चेतावनी दिएका छन् ।

महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा पार्टी प्रवेश कार्यक्रममा आएका अध्यक्ष यादवले पत्रकारहरुसंगको कुरकानीमा ओली नेतृत्वको सरकारले अगाडि बढाएको सीमांकनको कार्यलाई तत्काल बन्द गर्नुपर्ने सरकारसँग आग्रह गरेका छन् ।

उनले हाम्रो माँगलाई सम्बोधन गर्ने गरी संविधान संशोधन नगरिए आफूहरु संविधान खारेजीको माग अगाडि बढाउने चेतावनी दिँदै उनले भने , 'अहिले



हामी हेर र पर्खको स्थितीमा छौं, के हुन्छ अहिले भन्न सकिन्न् ।'

माओवादी केन्द्रका अध्यक्ष तथा वर्तमान प्रधानमन्त्रीसहित नेपाली कांग्रेससँग भएको तीनबुँदे सहमति अन्तर्गत हामीले प्रधानमन्त्रीको निर्वाचनमा मत खसालेर एकबुँदे पालना गरि सकेको बताउँदै उनले हामी सरकारले दुई बुँदा सहमति पालना गर्छ कि गर्दैनन् भन्ने हेर र पर्खको स्थितिमा हामी रहेको स्पष्ट गरे ।

मधेश आन्दोलनमा गोली चलाएर मारेकाहरुको पक्षमा गएर मत खसाली उनीहरुको कामलाई वैधानिक ठहराएको भन्ने पत्रकाहरुको प्रश्नमा उनले त्यस्तो नभई गल्ती सच्याउने भनेपछि आफूहरुले मत खसालेको दावी गरे । सरकारले चुनाव गराउने भनिरहेको समयमा मधेशी दलहरुले किन चुनावको विपक्षमा रहेको प्रश्नमा अध्यक्ष यादवले भने, 'चुनावकै लागि गरिने चुनावको कुनै औचित्य हुँदैन, माँग पुरा नगरी चुनाव गर्दा अझ देश संकटमा फस्नेछ ।' देश अहिले संक्रमणकालीन अवस्थाको अत्यन्तै जटिल मोडमा रहेको बताउँदै अध्यक्ष यादवले देशमा निर्यात पूर्णतः ठप्प रहेको तथा आयात ९२ प्रतिशतभन्दा बढी रहेको अवस्थामा देशलाई निकाश दिनुपर्नेमा अझै नेताहरु संविधान संशोधन नगरी देशलाई जर्जर बनाउन लागेको आरोप समेत लगाए ।

पार्टी कार्यक्रम पूर्व अध्यक्ष यादव जिल्ला कारागारमा पुगेर कैदीबन्दीहरुसँग कुराकानी गरेका थिए । मधेश आन्दोलनको क्रममा सशस्त्र प्रहरीका असई थमनबहादुर विकको हत्याको आरोपमा पक्राउ परेका प्रदिप साह माझी र सञ्जयकुमार साह उनका परिवारजनहरुसंग भेट्दै अध्यक्ष यादवले बढीमा अब एक महिना जेलमा बस्नुपर्ने आश्वासन दिँदै सरकारसँग राजनीतिक बन्दीहरुलाई छाड्ने पहल भइरहेको जानकारी गराएका थिए ।

*मधेशवाण डट कमबाट*

# मोर्चाले बुझायो 'सहिद सूची'

*काठमाडौं श्रावण ।* मोर्चाले बुझायो 'सहिद सूची' मधेसी मोर्चा र संघीय गठबन्धनले मधेसर जनजाति आन्दोलनमा मारिएका ६८ मृतकको सूची गृहमन्त्री विमलेन्द्र निधिलाई बुझाउँदै सहिद घोषणा गर्न माग गरेको छ ।

गृह मन्त्रालयको सूचीमा रहेका ६२ मृतकको सूचीमा छ जना आन्दोलनकारीको नाम छुटेको भन्दै मोर्चाले नामावली उपलब्ध गराएको हो । गृहमन्त्री विमलेन्द्र निधिसँग आइतबार गृह मन्त्रालयमा भएको संयुक्त बैठकमा मोर्चा नेताले नाम बुझाएका थप ६ जनामा सप्तरीका बालकृष्ण राय, श्रीचन्द्र दास, धनुषाका रोशन ठाकुर, महोत्तरीका उमेश कापड, र रामप्रदीप महतो र रुपन्देहीका शैलेन्द्र श्रीवास्तव छन् ।

सुर्खेत, जुम्ला, कैलालीलगायत क्षेत्रमा मारिएका सुरक्षाकर्मी, सर्वसाधारणको नामसमेत सहिद सूचीमा राखिएको वार्तामा सहभागी संघीय समाजवादी फोरम उपाध्यक्ष लालबाबु राउतले कान्तिपुरलाई बताए। उनले आन्दोलनका क्रममा लागेका मुद्दा फिर्ता, घाइतेको उपचार खर्चलगायत विषयमा वार्ता सकारात्मक भएको भन्दै केही दिनभित्रै शीर्षवार्ता हुने जानकारी दिए ।

बैठकमा गृहमन्त्री निधिले मधेस आन्दोलनमा ६ सय ५० घाइते, ४८ अंगभंग र ३ सय ५० लाई मुद्दा लागेको सरकारी रेकर्डमा देखिएको भन्दै प्रक्रिया विचार गर्दै निर्णय गरिने आश्वासन दिएका थिए । स्रोतका अनुसार उनले कांग्रेस र माओवादीको शीर्ष नेतृत्वसँग पनि परामर्श गरी अबको बैठकमा आउने बताएका थिए । 'अनुसन्धान गर्न बाँकी मुद्दा खारेज गर्ने र अदालतमा गइसकेका मुद्दालाई प्रक्रिया पूरा गरी फिर्ता लिने वातावरण बनाइनेछ,' निधिलाई उद्धृत गर्दै बैठक स्रोतले भन्यो, 'राजनीतिक समस्या समाधानका लागि विश्वासको वातावरण बनाऔं, सहमतिबाट केही दिनभित्रै निर्णयमा पुग्नुपर्छ ।' बैठकबारे जानकारी गराउँदै



रामसपा महासचिव केशव झाले आन्दोलनका क्रममा भएको अतिरिक्त बल प्रयोगलगायत हिंसात्मक घटनाबारे ५ सदस्यीय न्यायिक छानबिन आयोग बनाउने तयारी भएको खुलाए । सर्वोच्च अदालतका पूर्वन्यायाधीशको संयोजत्वमा बन्ने उक्त आयोगमा नायब महान्यायाधिवक्ता, अनुसन्धान विभागका एआईजी, प्रहरीका एआईजी सदस्य रहने र अवकाशप्राप्त सहसचिव आयोगको सदस्य-सचिव रहने समझदारी भएको समेत झाले जानकारी दिए । 'अब यसैको सेरोफेरोमा तत्काल‍ै शीर्ष नेतृत्व बसेर समझदारी हुनेछ,' उनले भने ।

मधेसी मोर्चा र संघीय गठबन्धनका तर्फबाट तमलोपा अध्यक्ष महन्थ ठाकुर, सद्भावना पार्टी अध्यक्ष राजेन्द्र महतो, संघीय समाजवादी फोरम उपाध्यक्ष लालबाबु राउत, फोरम गणतान्त्रिक अध्यक्ष राजकिशोर यादव, नेपाल सद्भावना पार्टी अध्यक्ष अनिलकुमार झा, रामसपा महासचिव केशव झा, थरुहटका भानुराम चौधरीलगायत वार्तामा सहभागी थिए । गृहमन्त्री निधिलाई भेट्नुअघि मोर्चाले तमलोपा कार्यालयमा छुट्टै बैठक गर्दै सुरक्षाकर्मीसहित ६८ सहिदको उक्त सूची अनुमोदन गरेको थियो । गत वर्ष मधेसलगायत देशका अन्य भागमा भएका आन्दोलनका मृतक सर्वसाधारण, सुरक्षाकर्मी उक्त सूचीमा समेटिएका छन् ।

साउन १९ अर्थात, पुष्पकमल दाहाल प्रधानमन्त्री बन्ने दिन कांग्रेस, माओवादी र मधेसी मोर्चाबीच भएको तीनबुँदे सहमतिको दोस्रो बुँदामा मात्रै हाल वार्ता केन्द्रित छ ।

उक्त सहमतिको पहिलो बुँदामा गठबन्धन र मधेसी मोर्चाले सरकारसमक्ष पेस गरेका मागमध्ये संविधानसँग सम्बन्धित मागमा सहमतिका आधारमा सरकारले संविधान संशोधनको प्रस्ताव संसद्मा प्रस्तुत गर्ने उल्लेख छ । गठबन्धनले यस बुँदामा 'मधेसमा दुई प्रदेश हुने गरी सीमांकन हेरफेर' भन्ने वाक्यांश राख्न प्रयास गरे पनि सफल भएन । राजनीतिक सहमति गर्ने बेला उक्त मुद्दा ब्युँताउने मोर्चा रणनीति छ ।

दोस्रो बुँदामा पछिल्लो मधेस आन्दोलनका मृतकलाई सहिद घोषणा, परिवारलाई क्षतिपूर्ति, घाइतेको उपचार खर्च, कैदी रिहाइ, आरोपीका मुद्दा फिर्ता गर्ने, सर्वोच्चअदालतका पूर्वन्यायाधीशको अध्यक्षतामा उच्चस्तरीय न्यायिक छानबिन गर्नेलगायत विषय समेटिएका थिए । *कान्तिपुर डट कमबाट*

# ६५ हजार गुणस्तरहीन सिलिन्डर बजारमा, पड्कने जोखिम बढी

*काठमाडौं श्रावण ।* खाना पकाउने ग्यास सिलिन्डरमध्ये ६५ हजारभन्दा बढी गुणस्तरहीन रहेको फेला परेको छ । यो बजारमा रहेका सिलिन्डरमध्ये करिब १० प्रतिशत हो । 'ग्यास उद्योगको निरीक्षण क्रममा १० प्रतिशतभन्दा बढी सिलिन्डर गुणस्तहीन फेला परेको हो,' विभागका महानिर्देशक विश्वबाबु पुडासैनीले भने, 'मुख्य समस्या पुराना ग्यास उद्योगमा छ ।' २०२६ मा नेपाल ग्यास उद्योग प्रालि स्थापना भएपछि अहिले ग्यास उद्योग संख्या बढेर ५३ पुगेको छ । तीमध्ये दुई-चार ग्यास उद्योग बाहेककाले गुणस्तरमा ध्यान नदिएको उनले बताए । सिलिन्डरभित्र लेदो जमेको, हाइड्रोलिक टेस्ट नभएका, कुच्चिएका, फुटरिड (एउटाको पिँध काटेर अर्कोमा हालेको) लगायतका कैफियत देखिएका हुन् ।

कम गुणस्तरका सिलिन्डर बिक्री गरेर उद्योगीले सर्वसाधारणलाई जोखिममा पारेको उपभोक्ताको भनाइ छ । 'अधिकांश उपभोक्ताको भान्सामा सिलिन्डर बम छ,' उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमिल्सेनाले भने, 'कम गुणस्तरका सिलिन्डर तत्काल अनुगमन गरी नष्ट गर्नुपर्छ ।' गुणस्तरहीन रेगुलेटररपाइप र समयमै हाइड्रोलिडरहाइड्रो स्टाटिक टेस्ट नहुँदा ग्यास फर्कने, ग्यास लिक भई आगो लाग्ने जस्ता घटना हुँदै आएका छन् । पुरानोरबिग्रिएका सिलिन्डरबाट ग्यास लिक हुने र पडकने जोखिम रहने उनले बताए ।

ग्यास बिक्रेता महासंघका अनुसार प्रायस सबै कम्पनीमा कम गुणस्तरका सिलिन्डर छन् । तीमध्ये

बाँकी ०३ पेजमा